# महिला उद्यमी तथा उद्यमी समूहलाई उद्यमशीलता प्रवर्द्धनका लागि प्रविधि सहयोग कार्यक्रम सञ्चालन कार्यविधि,२०८२

नेपाल सरकार

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

सिंहदरवार,काठमाडौं ।

# महिला उद्यमी तथा उद्यमी समूहलाई उद्यमशीलता प्रवर्द्धनका लागि प्रविधि सहयोग कार्यक्रम सञ्चालन कार्यविधि,२०८२

<u>प्रस्तावनाः</u> महिलाको आर्थिक सशक्तीकरणमा टेवा पुऱ्याउने उद्देश्यले उद्यमशीलता र सीपमूलक तालीम प्राप्त गरेका उद्यमी बन्न चाहनेहरुलाई प्रोत्साहन गर्न र उद्यमशीलता प्रवर्द्धनका लागि प्रविधि सहयोग प्रदान गरी सफल महिला उद्यमी/ व्यवसायी बन्न सहयोग पुऱ्याउन राष्ट्रिय महिला सशक्तीकरण परियोजना अन्तर्गत **महिला उद्यमी तथा उद्यमी समूहलाई उद्यमशीलता प्रवर्द्धनका लागि प्रविधि सहयोग कार्यक्रम** सञ्चालन गर्न वाञ्छनीय भएकोले,

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ६४को उपदफा (४) ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले देहायको कार्यविधि बनाएको छ।

## परिच्छेद १

## <u>प्रारम्भिक</u>

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस कार्यविधिको नाम **"महिला उद्यमी तथा उद्यमी समूहलाई उद्यमशीलता प्रवर्द्धनका लागि प्रविधि सहयोग कार्यक्रम सञ्चालन कार्यविधि,२०८२"** रहेको छ ।

(२) यो कार्यविधि महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ ।

२. <u>परिभाषाः</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) "कोसेली घर वा सौगात गृह" भन्नाले उद्यमीले सञ्चालन गरेका उद्योगबाट उत्पादित सामान सङ्कलन गरी बिक्री गर्ने कक्षलाई सम्झनु पर्छ।

(ख) "कार्यविधि" भन्नाले "महिला उद्यमी तथा उद्यमी समूहलाई उद्यमशीलता प्रवर्द्धनका लागि प्रविधि सहयोग कार्यक्रम सञ्चालन कार्यविधि, २०८२" सम्झनु पर्छ।

(ग) "प्रदेश मन्त्रालय" भन्नाले प्रदेशको सामाजिक विकास हेर्ने मन्त्रालय सम्झनु पर्छ ।

(घ) "प्रविधि" भन्नाले महिला उद्यमी तथा उद्यमी समूहले सञ्चालन गर्ने वा सञ्चालन गरेको उद्यम/व्यवसायलाई स्तरोन्नती गर्न सहयोग पुऱ्याउने र औद्योगिक वस्तु, उद्यम तथा व्यवसायबाट उत्पादित वस्तु तथा सेवालाई गुणस्तरीय बनाउन प्रयोग गरिने मेसिनरी औजार/उपकरणलाई सम्झनु पर्छ ।

(ङ) "प्रविधि हस्तान्तरण" भन्नाले औद्योगिक वस्तुको उत्पादन, प्रशोधन, भण्डारणका लागि उद्योगलाई आवश्यक पर्ने मेसिन उपकरण वा औजार उपलब्ध गराउने वा मेसिन उपकरण वा औजार खरिदमा सहयोग उपलब्ध गराउने कार्य सम्झनु पर्छ ।

(च) "बजार पहुँच" भन्नाले विक्रेता, क्रेता र उपभोक्ताहरूले प्राप्त गर्न चाहेको कुनै पनि वस्तु तथा सेवाको सरल र सहज आपूर्ति व्यवस्थापन सम्झनु पर्छ ।

(छ) "बजारीकरण" भन्नाले उद्योगबाट हुने उत्पादन, मूल्यनिर्धारण, प्रवर्द्धन तथा वितरण प्रणाली सँग सम्बन्धित उपभोक्ता केन्द्रित क्रियाकलापलाई सम्झनु पर्छ।

(ज) "मन्त्रालय "भन्नाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सम्झनु पर्छ ।

(झ) "गहिला उद्यमी" भन्नाले नाफा कमाउने उद्देश्यले उद्योग व्यवसाय सञ्चालनका लागि जोखिम वहन गरी लगानी गर्न चाहने वा लगानी गरेका महिला उद्यमी वा उद्यमी समूहलाई सम्झनु पर्छ ।

(ञ) "समूह लक्षित" भन्नाले कार्यविधिको दफा ५ बमोजिमको महिला उद्यमी वा उद्यमी समूहलाई सम्झनु पर्छ।

(ट) "स्थानीय तह" भन्नाले नगरपालिका तथा गाँउपालिका सम्झनु पर्छ।

## परिच्छेद २

## उद्देश्य तथा कार्यक्रम सञ्चालन प्रक्रिया

३. **कार्यक्रमको उद्देश्यः** महिला उद्यमी तथा उद्यमी समूहलाई उद्यमशीलता प्रवर्द्धनका लागि प्रविधि सहयोग कार्यक्रमको उद्देश्य देहाय बमोजिम रहेको छः-

(क) महिला उद्यमीलाई आवश्यक उपयुक्त प्रविधि सहयोग मार्फत उद्यम/व्यवसाय तर्फ आकर्षित गर्दै महिला उद्यमीको संख्यामा बढोत्तरी ल्याउनु,

(ख) उद्यम/व्यवसाय प्रवर्द्धनका लागि प्रविधि सहयोग गरी महिला उद्यमी तथा उद्यमको क्षमता अभिवृद्धि गर्नु,

(ग) छनौटमा परेका महिला उद्यमीलाई उपयुक्त प्रविधिको प्रयोगबाट उद्यमशीलता प्रवर्द्धन गर्न अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्नु,

(घ) रोजगार, स्वरोजगार र उद्यमशीलताको माध्यमबाट महिलाको आर्थिक सशक्तीकरणमा टेवा पुऱ्याउर्नु ।

४. **कार्यक्रम सञ्चालनः** (१) कार्यक्रम सञ्चालन सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछः-

(क) प्रदेश मन्त्रालयले महिला उद्यमशीलता विकास, उपयुक्त प्रविधि सहयोग कार्यक्रम सञ्चालनका लागि महिला उद्यमी छनौट गर्न राष्ट्रियस्तरको पत्रिका तथा प्रदेश र स्थानीय तहको वेभसाइटमा पन्ध्र दिनको म्याद दिई सूचना प्रकाशन गर्नेछ र सो सूचनाको जानकारी मन्त्रालय र स्थानीय तहमा गराउनु पर्नेछ।

(ख) खण्ड (क) बमोजिमको सूचनाको म्याद समाप्त भएको मितिले पन्ध्र दिन भित्र स्थानीय तहले आफ्नो भूगोल भित्रको एक जना महिला उद्यमी र एक महिला उद्यमी समूह छनौट गरी प्रदेश मन्त्रालयमा सिफारिस गरी पठाउनु पर्नेछ ।

(ग) प्रत्येक प्रदेश मन्त्रालयले स्थानीय तहबाट सिफारिस भई आएको मितिले पन्ध्रदिन भित्र प्राप्त बजेटको बाँडफाँडलाई आधार मानी महिला उद्यमीहरू र एक महिला उद्यमी समूहलाई छनौट गर्नु पर्नेछ।



सचिव

(२) प्रदेश मन्त्रालयले उद्यमीको नाम छनौट गर्नु पूर्व स्थानीय तहको जनप्रतिनिधि सहित स्थलगत अनुगमन गर्नु पर्ने।

(३) खण्ड (ग) बमोजिम छनौट भएका महिला उद्यमीलाई उपलब्ध गराउने, उपयुक्त प्रविधि सहयोग, प्रशासनिक तथा विविध खर्चका लागि मन्त्रालयबाट सशर्त अनुदान सहयोग मार्फत प्रदेश मन्त्रालयमा आवश्यक बजेटको व्यवस्था गरिनेछ।

(४) छनौट भएका महिला उद्यमी र उद्यमी समूहलाई यस कार्यविधि बमोजिम उपयुक्त प्रविधि सहयोग प्रदेश मन्त्रालयले उपलब्ध गराउनु पर्ने।

(५) महिला उद्यमीलाई कम्तिमा दुई लाख र एक महिला उद्यमी समूहलाई तीन देखि पाँच लाख सम्मको उपयुक्त प्रविधि सहयोग वापतको रकम सम्वन्धित महिला उद्यमी/महिला उद्यमी समूहको वैंक खातामा उपलब्ध गराउनु पर्नेछ ।

(६) स्थानीयस्तरमा महिला उद्यमी तथा उद्यमी समूहलाई उद्यमशीलता प्रवर्द्धनका लागि वित्तीय सहायता तथा प्रविधि उपयोगमा स्पष्टता र पारदर्शिता कायम राखे प्रणालीको विकास गर्नुपर्ने।

(७) प्रविधि हस्तानतरणमा नवीनतम उपकरणको पहुँच सुनिश्चित गर्नुपर्ने।

(८) उद्यमी समूह, सरकारी तथा गैर सरकारी निकायहरु बीच नेटवर्किङ्ग प्रवर्द्धन गर्न विशेष पहल गर्नुपर्ने ।

(९) कार्यक्रमको निरन्तर अनुगमन र समायोजन गर्दै प्रभावकारिता बढाउनुपर्ने ।

(१०) डिजिटल प्रविधिहरुको उपयोग गरी अनलाइन आवेदन, जानकारी आदानप्रदान र प्रशिक्षण सेवा बढाउनुपर्ने ।

५. <u>लक्षित समूहः</u> लक्षित समूह छनौटका आधारहरु देहाय बमोजिम हुनेछः-

(क) स्थानीय तहका जीविकोपार्जन सुधार कार्यक्रममा सहभागी भएका र साविक महिला विकास कार्यक्रमबाट सीप विकास तालिम र वस्तुगत टेवा प्राप्त गरी उद्यम/व्यवसाय सञ्चालन गरेका महिला,

(ख) नेपाल सरकारबाट मान्यताप्राप्त तालिम प्रदायक संस्था, निकायबाट उद्यमशीलता प्रवर्धन सम्बन्धी तालीम प्राप्त गरी उद्यम/व्यवसाय सञ्चालन गरेका महिला,

(ग) सीप भएका तर तालिम प्राप्त नगरेका उद्यम/व्यवसाय सञ्चालन गरिरहेका महिला तथा आर्थिक रुपमा विपन्न उद्यमी महिला ।

६. <u>निवेदन साथ पेश गर्नुपर्ने कागजातः</u> महिला उद्यमी तथा उद्यमी समूहले दफा ४ को खण्ड (क) बमोजिम सूचना प्रकाशन भएको मितिले पन्ध्र दिनभित्र देहायका कागजात संलग्न गरी अनुसूची-१ बमोजिमको ढाँचामा सम्वन्धित स्थानीय तहमा निवेदन दिनुपर्नेछः-

(क) उद्योग व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपि नविकरण

(ख) स्थायी लेखा नम्बर दर्ताको प्रमाणपत्र,

नेपाल सरकार
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
सिंहदरबार, काठमाडौं

(ग) कर चुक्ताको प्रमाणपत्र,

(घ) व्यावसायिक योजना,

(ङ) प्रविधिको क्षमता सहितको विवरण,

(च) यस अघि प्रदेश वा स्थानीय तहबाट प्रविधि सहयोग अनुदान प्राप्त गरेको छैन भन्ने महिला उद्यमी/महिला उद्यमी समूहको स्व-घोषणा पत्र ।

७. <u>स्थानीय तहले सम्बन्धित प्रदेशमा सिफारिस गर्दा लिनुपर्ने आधार</u>ः स्थानीय तहले देहाएका आधारमा दफा ६ बमोजिम व्यावसायिक योजना सहित निवेदन दिएका महिला उद्यमी तथा उद्यमी समूह छनौट गरी प्रदेश मन्त्रालयमा सिफारिस गर्नुपर्नेछः-

(क) सम्बन्धित स्थानीय तहमा उद्यम/व्यवसाय सञ्चालन गरेका महिला उद्यमी वा महिला उद्यमी समूह,

(ख) तुलनात्मक रुपमा एकल तथा लैङ्गिक हिंसा पीडित/प्रभावित महिलालाई रोजगारी दिएको उद्यमी,

(ग) उद्यम/व्यवसाय विस्तार गर्न आर्थिक तथा प्रविधिगत सहयोग आवश्यक भएका महिला उद्यमी,

(घ) वैदेशिक रोजगारबाट फर्किइ ज्ञान, सीपको परिचालन गरी उद्यम गरेका महिला,

(ङ) सिफारिस गरिएको उद्यम वा व्यवसायले प्रदान गरेको रोजगारीको संख्या खुलेको महिला उद्यमी,

(च) एकल महिला तथा लैङ्गिक हिंसा पीडित वा प्रभावित उद्यमी महिला।

८. <u>प्रदेश मन्त्रालयले छनौट गर्दा लिनुपर्ने आधारहरुः</u> (१)महिला उद्यमी तथा उद्यमी समूह छनौटका आधारहरु देहाय बमोजिम हुनेछन् -

(क) उद्यम व्यवसाय विस्तार गर्न आर्थिक तथा प्रविधिगत समस्या भएका,

(ख) स्थानीय तहबाट छनौट तथा सिफारिस भई आएका,

(ग) दफा ७ बमोजिम आधार पुरा गरेका,

(घ) तुलनात्मक रुपमा उपयुक्त व्यावसायिक योजना पेश गरेका,

(ङ) स्थानीय कच्चा पदार्थमा आधारित उद्यम सञ्चालन गरेका,

(च) मौसमी तथा बेमौसमी तरकारी तथा फलफुल खेती, होजीयारी, कुखुरा पालन, पशुपालन, अल्लो तथा ढाका बुनाई, थान्का, पौवा चित्र, मिथिला आर्ट, होटल व्यवसाय, मौरी पालन, माछा पालन, होमस्टे तथा परम्परागत सीप र प्रविधिमा आधारित महिला वा महिला समूहबाट सञ्चालित उद्योग, उद्यम,

(छ) नवप्रवर्तनकारी उद्यम व्यवसाय सञ्चालन गरेका,

(ज) स्वदेश वा विदेशमा बिक्री वितरण वा निर्यात गर्न सक्ने सम्भावना भएको उद्योग, उद्यम।

(२) स्थानीय तहबाट सिफारिस भई आएका महिला उद्यमी महिला उद्यमी समूह मध्ये प्रदेश मन्त्रालयले/ लेखाजोखा गरी एउटै स्थानीय तहमा नदोहोरिने गरी महिला उद्यमी तथा उद्यमी समूहलाई उपयुक्त प्रविधि हस्तान्तरण गर्न छनौट गर्नुपर्नेछ ।

## परिच्छेद-३

## प्रविधि सहयोग

९. **उपयुक्त प्रविधि सहयोगः** (१) प्रत्येक प्रदेशबाट छनौट भएका महिला उद्यमीलाई दिईने प्रविधि सहयोगको रकमको सीमा मन्त्रालयको स्वीकृत वार्षिक कार्यक्रमको परिधिभित्र रही निर्धारण गरिनेछ ।

(२) प्रविधि सहयोग प्राप्त गर्ने महिला उद्यमी तथा उद्यमी समूहको नाम प्रदेश मन्त्रालयले वेभसाइटमा सार्वजनिक गर्नुपर्नेछ।

(३) प्रदेश मन्त्रालयले छनौट भएका महिला उद्यमी तथा उद्यमी समूहलाई अनुसूची-२ र अनुसूची-३ बमोजिमको ढाँचामा सम्झौता र प्रतिवद्धता गराए पश्चात उपयुक्त प्रविधि उपलब्ध गराउनु पर्नेछ ।

(४) महिला उद्यमीले माग गरे बमोजिमको उपयुक्त प्रविधि महिला उद्यमी तथा उद्यमी समूहले स्वयं जडान गर्न चाहेमा प्रदेश मन्त्रालयको पूर्व स्वीकृति लिई उपयुक्त प्रविधि बजार मूल्यमा नबढ्ने गरी खरिद गर्न सक्नेछन्।

(५) उपदफा (३) बमोजिम उद्यमी स्वयमले खरिद गरेको सक्कलै बिल भरपाई सहित अनुसूची-४ बमोजिमको ढाँचामा प्रविधि (मेशिन तथा उपकरण) जडानको फोटो समेत संलग्न गरी प्रदेश मन्त्रालयमा शोधभर्नाको निवेदन दिनु पर्नेछ ।

(६) उपदफा (४) बमोजिम निवेदन प्राप्त भएपछि प्रदेश मन्त्रालयले सोको अनुगमन गरी शोधभर्ना दिन सक्नेछन्।

१०. **कार्यक्रम सञ्चालनमा सहयोग गर्ने निकायः** कार्यक्रम सञ्चालनको लागि आवश्यकताको आधारमा तीनै तहका सरकार तथा सो अन्तर्गतका निकाय, गैरसरकारी क्षेत्रको समेत सहयोग लिन सकिनेछ ।

११. **अनुगमन तथा मुल्याङ्कनः** (१) छनौट भएका उद्यमी महिला/उद्यमी समूहलाई वितरण हुने उपयुक्त प्रविधि सहयोग कार्यक्रमको आवश्यकता अनुसार मन्त्रालयले अनुगमन र मूल्याङ्कन गर्न सक्नेछ ।

(२) महिला उद्यमी तथा उद्यमी समूहले प्राप्त गरेको उपयुक्त प्रविधिको उपयोगका सम्बन्धमा प्रदेश मन्त्रालयले अनुगमन गरी अनुगमन प्रतिवेदन मन्त्रालयमा पठाउनु पर्नेछ ।

(३) महिला उद्यमी तथा उद्यमी समूहले सम्झौता बमोजिम प्राप्त प्रविधिको उपयोग नगरेमा वा सम्बन्धित पालिकाको अनुमति बिना पाँच वर्षभन्दा अगावै अरुलाई दिएमा वा बिक्री गरेमा उक्त प्रविधि वापतको रकम सम्बन्धित स्थानीय तह र प्रदेश सरकारको समन्वयमा सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

१२. <u>प्रतिवेदन पेश गर्नुपर्ने:</u> (१) महिला उद्यमी तथा उद्यमी समूहले उद्यमशीलता प्रवर्द्धनका लागि प्रविधि सहयोग कार्यक्रमबाट लाभान्वित उद्यमीहरुले अर्धवार्षिक रुपमा विवरण तयार गरी सम्बन्धित स्थानीय तहमा बुझाउनु पर्नेछ।

(२) महिला उद्यमी तथा उद्यमी समूहबाट प्राप्त गरेको प्रगति विवरण स्थानीय तहले प्रदेश मन्त्रालय पठाउनु पर्नेछ। प्रदेश मन्त्रालयले प्राप्त प्रगति प्रतिवेदनहरु एकिकृत गरी अर्धवार्षिक रुपमा अनुसुची-५ बमोजिमको ढाँचामा मन्त्रालयको इमेल ठेगाना pup.mowcsc@gmail.com/ info@mowcsc.gov.npमा पठाउनु पर्नेछ ।

सचिव

नेपाल सरकार
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
सिंहदरबार, काठमाडौं

अनुसूची-१

दफा ६ सँग सम्बन्धित

निवेदनको ढाँचा

श्रीमान् प्रमुखज्यू
................ पालिका,
प्रदेश ................
महोदय,

म/मेरो उद्यमी समूहले ............................ न.पा/गा.पा. अन्तर्गत रहेर स्थानीय श्रोत साधनको समुचित उपयोग गर्दै नाफा कमाउने उद्देश्यले उद्यम व्यवसाय सञ्चालनका लागि महिला उद्यमी तथा उद्यमी समूह प्रवर्द्धनका लागि प्रविधि सहयोग कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ को दफा ६ बमोजिमका कागजातहरु संलग्न गरी उद्यम व्यवसायको प्रभावकारी सञ्चालन र स्तरोन्नती गर्न प्रविधि सहयोग प्राप्त गरी पाउँ भनि यो निवेदन पेश गरेको छु/छौ ।साथै प्रदेश मन्त्रालयमा सिफारिस गरी दिनु हुन अनुरोध गर्दछु /गर्दछौं।

निवेदकः
नाम, थरः
सम्पर्क नं.
समूहको नामः
समूह दर्ता नं
दस्तखतः

ठेगानाः
प्रदेश........ जिल्ला........
गा.पा /न.पा.
वडा नं.

सचिव

## अनुसूची-२

### दफा ९ को उपदफा (२) सँग सम्बन्धित

### प्रविधि हस्तान्तरणको सम्झौता

लिखितम्............जिल्ला.......................न.पा./गा.पा. वडा.नं........... बस्ने ................ म .................. (उद्योग दर्ता नं. .......... दर्ता मिति................) प्रदेश मन्त्रालयले राष्ट्रिय महिला सशक्तीकरण परियोजना अन्तर्गतको महिला उद्यमशीलता विकास, उपयुक्त प्रविधि सहयोग कार्यक्रमबाट निम्न विवरणको मेसिन/औजार/उपकरण प्रविधि लिएको छु/छौं। मैले/हामीले बुझेको मेसिन/औजार/उपकरण आफ्नो उद्योग व्यावसायको प्रर्वद्धन विकास र विस्तारमा प्रयोग गरी उत्पादन र उत्पादकत्व बढाउन उपयोग गर्न र मर्मत गर्नका लागि मन्जुर छु ।

**प्राप्त गरेको मेसिन/ औजार /उपकरणको विवरण**

| सि.नं. | मेसिन/औजार/उपकरणको नाम | परिमाण | उपकरण/औजार/मेसिनको क्षमता | प्रति ईकाइ दर | जम्मा मूल्य | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

सामाजिक विकास मन्त्रालयको तर्फबाट

दस्तखतः

नामः

पदः

मितिः

महिला उद्यमी/उद्यमी समूहको तर्फबाट

दस्तखतः

नामः

पदः

मितिः

नेपाल सरकार
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
सिंहदरबार, काठमाडौं

अनुसूची-३

**दफा ९ को उपदफा (२) सँग सम्बन्धित**

प्रविधि सहयोग सम्बन्धी प्रतिवद्धता-पत्र

लिखितम्..........जिल्ला..............महा/उप/न.पा./गा.पा. वडा.नं.......रहेको मेरो/हाम्रो समूह ........................ (उद्योग दर्ता नं. .............दर्ता मिति.....................) ले निम्न विवरणको मेसिन/औजार/उपकरण प्रविधि लिएको छु/छौं। मैले/हामीले बुझेको मेसिन/औजार/उपकरण आफ्नो उद्योग व्यवसायको प्रर्वद्धन र विस्तारमा प्रयोग गर्नेछु/गर्नेछौ । उक्त मेसिन/औजार/उपकरण आजका मितिले पाँच वर्षसम्म कसैलाई पनि बिक्री वितरण वा हक हस्तान्तरण गर्ने वा भाडामा दिने छैनौं । सम्झौता विपरित गरेमा नियामानुसार प्राप्त अनुदान वापतको रकम फिर्ता गरी कारवाही समेत ब्यहोर्न राजी छु/छौ भनी यो प्रतिवद्धता गरीदियौं ।

**प्राप्त गरेको मेसिन/औजार/उपकरणको विवरण**

| सि.नं. | मेसिन/ औजार /उपकरणको नाम | परिमाण | मेसिन/ औजार /उपकरणको क्षमता | प्रति ईकाइ दर | जम्मा मूल्य | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |

महिला उद्यमी समूहको अध्यक्ष/व्यवस्थापकको तर्फबाट

दस्तखतः

नामः

पदः

मितिः

साक्षीः स्थानीय तह तर्फबाट

दस्तखतः

नामः

पदः

मितिः

सचिव

अनुसूची-४

दफा ९ को उपदफा (४) सँग सम्बन्धित

**शोधभर्नाको निवेदनको ढाँचा**

श्रीमान् सचिवज्यू

सामाजिक विकास मन्त्रालय,

.......................... प्रदेश।

विषयः शोधभर्ना पाउँ ।

महोदय,

म/मेरो उद्यमी समूह यस मन्त्रालयको प्रविधि सहयोग कार्यक्रम अन्तर्गत छनौट भई .............. मन्त्रालयको पूर्व स्वीकृति लिई उद्यम/व्यवसायसँग सम्बन्धित ........... मेशिन/उपकरण आफै खरिद गरी जडान समेत गरेको हुँदा सोको सक्कलै बिल भरपाई र मेशिन/उपकरणको फोटो सहित संलग्न गरेको छु/छौं। उक्त बिल भरपाई बमोजिमको मैले/हामी उद्यमी समूहले पाउने रू............. (अक्षरेपी) ............. मात्र भुक्तानी पाउँ भनि यो निवेदन पेश गरेको छु/छौं । महिला उद्यमी तथा उद्यमी समूलाई उद्यमशीलता प्रवर्द्धनका लागि प्रविधि सहयोग कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ तथा प्रचलित कानून बमोजिम नभएमा सहुँला/बुझाउँला ।

निवेदकः

नाम, थरः

सम्पर्क नं.

समूहको नामः

समूह दर्ता नः

उद्योगको नामः

दस्तखतः

ठेगानाः

प्रदेश........ जिल्ला........

गा.पा /न.पा.

वडा नं.

सचिव

नेपाल सरकार
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
सिंहदरबार, काठमाडौं

## अनुसूची-५

**दफा १२ को उपदफा (२) सँग सम्बन्धित**

**प्रतिवेदनको ढाँचा**

१. कार्यक्रमको संक्षिप्त विवरण:

२. कार्यक्रमको नाम:

३. कार्यक्रम सञ्चालनको उद्देश्य:

४. कार्यक्रम सञ्चालन भएको विधि /प्रक्रिया:

५. कार्यक्रम सञ्चालन भएको स्थान:

६. कार्यक्रमबाट लाभान्वित महिला उद्यमी तथा उद्यमी समूहको विवरण:

| क.स. | नाम थर | स्थायी ठेगाना (वडा नं./स्थानीय तह/जिल्ला) | उमेर | जातजाती | सम्पर्क नं. | प्राप्त गरेको मेशिन/औजार/उपकरणको नाम | लागत मूल्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

७. कार्यक्रम सञ्चालनमा उत्पन्न भएका समस्या/चुनौती/समाधानका उपाय:

| क.स. | समस्या | चुनौती | समाधानका उपायहरु |
|---|---|---|---|
| | | | |
| | | | |

८. सिकाई/सुझावहरु:

- ..............................
- ................................

९. निष्कर्ष:

- .......................................
- ..............................

सचिव

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, सिंहदरबार, काठमाडौं
प्रत्यायोजित विधायनको प्रकृति : कार्यविधि
दर्ता नं: २१०८२
दर्ता मिति: २०८२।०८।२९

# महिला उद्यमी तथा उद्यमी समूहलाई उद्यमशीलता प्रवर्द्धनका लागि प्रविधि सहयोग कार्यक्रम सञ्चालन कार्यविधि,२०८२

प्रस्तावनाः महिलाको आर्थिक सशक्तीकरणमा टेवा पुऱ्याउने उद्देश्यले उद्यमशीलता र सीपमूलक तालीम प्राप्त गरेका उद्यमी बन्न चाहनेहरुलाई प्रोत्साहन गर्न र उद्यमशीलता प्रवर्द्धनका लागि प्रविधि सहयोग प्रदान गरी सफल महिला उद्यमी/ व्यवसायी बन्न सहयोग पुऱ्याउन राष्ट्रिय महिला सशक्तीकरण परियोजना अन्तर्गत **महिला उद्यमी तथा उद्यमी समूहलाई उद्यमशीलता प्रवर्द्धनका लागि प्रविधि सहयोग कार्यक्रम** सञ्चालन गर्न वाञ्छनीय भएकोले,

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ६४को उपदफा (४) ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले देहायको कार्यविधि बनाएको छ।

## परिच्छेद १

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम **"महिला उद्यमी तथा उद्यमी समूहलाई उद्यमशीलता प्रवर्द्धनका लागि प्रविधि सहयोग कार्यक्रम सञ्चालन कार्यविधि,२०८२"** रहेको छ ।

(२) यो कार्यविधि महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) "कोसेली घर वा सौगात गृह" भन्नाले उद्यमीले सञ्चालन गरेका उद्योगबाट उत्पादित सामान सङ्कलन गरी बिक्री गर्ने कक्षलाई सम्झनु पर्छ।

(ख) "कार्यविधि" भन्नाले "महिला उद्यमी तथा उद्यमी समूहलाई उद्यमशीलता प्रवर्द्धनका लागि प्रविधि सहयोग कार्यक्रम सञ्चालन कार्यविधि, २०८२" सम्झनु पर्छ।

(ग) "प्रदेश मन्त्रालय" भन्नाले प्रदेशको सामाजिक विकास हेर्ने मन्त्रालय सम्झनु पर्छ ।

(घ) "प्रविधि" भन्नाले महिला उद्यमी तथा उद्यमी समूहले सञ्चालन गर्ने वा सञ्चालन गरेको उद्यम/व्यवसायलाई स्तरोन्नती गर्न सहयोग पुऱ्याउने र औद्योगिक वस्तु, उद्यम तथा व्यवसायबाट उत्पादित वस्तु तथा सेवालाई गुणस्तरीय बनाउन प्रयोग गरिने मेसिनरी औजार/उपकरणलाई सम्झनु पर्छ ।

(ङ) "प्रविधि हस्तान्तरण" भन्नाले औद्योगिक वस्तुको उत्पादन, प्रशोधन, भण्डारणका लागि उद्योगलाई आवश्यक पर्ने मेसिन उपकरण वा औजार उपलब्ध गराउने वा मेसिन उपकरण वा औजार खरिदमा सहयोग उपलब्ध गराउने कार्य सम्झनु पर्छ ।

(च) "बजार पहुँच" भन्नाले बिक्रेता, क्रेता र उपभोक्ताहरूले प्राप्त गर्न चाहेको कुनै पनि वस्तु तथा सेवाको सरल र सहज आपूर्ति व्यवस्थापन सम्झनु पर्छ ।

(छ) "बजारीकरण" भन्नाले उद्योगबाट हुने उत्पादन, मूल्यनिर्धारण, प्रवर्द्धन तथा वितरण प्रणाली सँग सम्बन्धित उपभोक्ता केन्द्रित क्रियाकलापलाई सम्झनु पर्छ।

(ज) "मन्त्रालय "भन्नाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सम्झनु पर्छ ।

(झ) "महिला उद्यमी" भन्नाले नाफा कमाउने उद्देश्यले उद्योग व्यवसाय सञ्चालनका लागि जोखिम वहन गरी लगानी गर्न चाहने वा लगानी गरेका महिला उद्यमी वा उद्यमी समूहलाई सम्झनु पर्छ ।

(ञ) "समूह लक्षित" भन्नाले कार्यविधिको दफा ५ बमोजिमको महिला उद्यमी वा उद्यमी समूहलाई सम्झनु पर्छ।

(ट) "स्थानीय तह" भन्नाले नगरपालिका तथा गाँउपालिका सम्झनु पर्छ।

## परिच्छेद २

## उद्देश्य तथा कार्यक्रम सञ्चालन प्रक्रिया

३. कार्यक्रमको उद्देश्यः महिला उद्यमी तथा उद्यमी समूहलाई उद्यमशीलता प्रवर्द्धनका लागि प्रविधि सहयोग कार्यक्रमको उद्देश्य देहाय बमोजिम रहेको छः-

(क) महिला उद्यमीलाई आवश्यक उपयुक्त प्रविधि सहयोग मार्फत उद्यम/व्यवसाय तर्फ आकर्षित गर्दै महिला उद्यमीको संख्यामा वढोत्तरी ल्याउनु,

(ख) उद्यम/व्यवसाय प्रवर्द्धनका लागि प्रविधि सहयोग गरी महिला उद्यमी तथा उद्यमको क्षमता अभिवृद्धि गर्नु,

(ग) छनौटमा परेका महिला उद्यमीलाई उपयुक्त प्रविधिको प्रयोगबाट उद्यमशीलता प्रवर्द्धन गर्न अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्नु,

(घ) रोजगार, स्वरोजगार र उद्यमशीलताको माध्यमबाट महिलाको आर्थिक सशक्तीकरणमा टेवा पुऱ्याउर्नु ।

४. कार्यक्रम सञ्चालनः (१) कार्यक्रम सञ्चालन सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछः-

(क) प्रदेश मन्त्रालयले महिला उद्यमशीलता विकास, उपयुक्त प्रविधि सहयोग कार्यक्रम सञ्चालनका लागि महिला उद्यमी छनौट गर्न राष्ट्रियस्तरको पत्रिका तथा प्रदेश र स्थानीय तहको वेभसाइटमा पन्ध्र दिनको म्याद दिई सूचना प्रकाशन गर्नेछ र सो सूचनाको जानकारी मन्त्रालय र स्थानीय तहमा गराउनु पर्नेछ।

(ख) खण्ड (क) बमोजिमको सूचनाको म्याद समाप्त भएको मितिले पन्ध्र दिन भित्र स्थानीय तहले आफ्नो भूगोल भित्रको एक जना महिला उद्यमी र एक महिला उद्यमी समूह छनौट गरी प्रदेश मन्त्रालयमा सिफारिस गरी पठाउनु पर्नेछ ।

(ग) प्रत्येक प्रदेश मन्त्रालयले स्थानीय तहबाट सिफारिस भई आएको मितिले पन्ध्रदिन भित्र प्राप्त बजेटको बाँडफाँडलाई आधार मानी महिला उद्यमीहरू र एक महिला उद्यमी समूहलाई छनौट गर्नु पर्नेछ।



सचिव

(२) प्रदेश मन्त्रालयले उद्यमीको नाम छनौट गर्नु पूर्व स्थानीय तहको जनप्रतिनिधि सहित स्थलगत अनुगमन गर्नु पर्ने।

(३) खण्ड (ग) बमोजिम छनौट भएका महिला उद्यमीलाई उपलब्ध गराउने, उपयुक्त प्रविधि सहयोग, प्रशासनिक तथा विविध खर्चका लागि मन्त्रालयबाट सशर्त अनुदान सहयोग मार्फत प्रदेश मन्त्रालयमा आवश्यक बजेटको व्यवस्था गरिनेछ।

(४) छनौट भएका महिला उद्यमी र उद्यमी समूहलाई यस कार्यविधि बमोजिम उपयुक्त प्रविधि सहयोग प्रदेश मन्त्रालयले उपलब्ध गराउनु पर्ने।

(५) महिला उद्यमीलाई कम्तिमा दुई लाख र एक महिला उद्यमी समूहलाई तीन देखि पाँच लाख सम्मको उपयुक्त प्रविधि सहयोग वापतको रकम सम्बन्धित महिला उद्यमी/महिला उद्यमी समूहको बैंक खातामा उपलब्ध गराउनु पर्नेछ ।

(६) स्थानीयस्तरमा महिला उद्यमी तथा उद्यमी समूहलाई उद्यमशीलता प्रवर्द्धनका लागि वित्तीय सहायता तथा प्रविधि उपयोगमा स्पष्टता र पारदर्शिता कायम राख्ने प्रणालीको विकास गर्नुपर्ने।

(७) प्रविधि हस्तानतरणमा नवीनतम उपकरणको पहुँच सुनिश्चित गर्नुपर्ने।

(८) उद्यमी समूह, सरकारी तथा गैर सरकारी निकायहरु बीच नेटवर्किङ्ग प्रवर्द्धन गर्न विशेष पहल गर्नुपर्ने ।

(९) कार्यक्रमको निरन्तर अनुगमन र समायोजन गर्दै प्रभावकारिता बढाउनुपर्ने ।

(१०) डिजिटल प्रविधिहरुको उपयोग गरी अनलाइन आवेदन, जानकारी आदानप्रदान र प्रशिक्षण सेवा बढाउनुपर्ने ।

५. <u>लक्षित समूह</u>: लक्षित समूह छनौटका आधारहरु देहाय बमोजिम हुनेछः-

(क) स्थानीय तहका जीविकोपार्जन सुधार कार्यक्रममा सहभागी भएका र साविक महिला विकास कार्यक्रमबाट सीप विकास तालिम र वस्तुगत टेवा प्राप्त गरी उद्यम/व्यवसाय सञ्चालन गरेका महिला,

(ख) नेपाल सरकारबाट मान्यताप्राप्त तालिम प्रदायक संस्था, निकायबाट उद्यमशीलता प्रवर्धन सम्बन्धी तालीम प्राप्त गरी उद्यम/व्यवसाय सञ्चालन गरेका महिला,

(ग) सीप भएका तर तालिम प्राप्त नगरेका उद्यम/व्यवसाय सञ्चालन गरिरहेका महिला तथा आर्थिक रुपमा विपन्न उद्यमी महिला ।

६. <u>निवेदन साथ पेश गर्नुपर्ने कागजात</u>: महिला उद्यमी तथा उद्यमी समूहले दफा ४ को खण्ड (क) बमोजिम सूचना प्रकाशन भएको मितिले पन्ध्र दिनभित्र देहायका कागजात संलग्न गरी अनुसूची-१ बमोजिमको ढाँचामा सम्बन्धित स्थानीय तहमा निवेदन दिनुपर्नेछः-

(क) उद्योग व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपि नविकरण

(ख) स्थायी लेखा नम्बर दर्ताको प्रमाणपत्र,

(ग) कर चुक्ताको प्रमाणपत्र,

(घ) व्यावसायिक योजना,

(ङ) प्रविधिको क्षमता सहितको विवरण,

(च) यस अघि प्रदेश वा स्थानीय तहबाट प्रविधि सहयोग अनुदान प्राप्त गरेको छैन भन्ने महिला उद्यमी/महिला उद्यमी समूहको स्व-घोषणा पत्र ।

७. <u>स्थानीय तहले सम्बन्धित प्रदेशमा सिफारिस गर्दा लिनुपर्ने आधार</u>: स्थानीय तहले देहाएका आधारमा दफा ६ बमोजिम व्यावसायिक योजना सहित निवेदन दिएका महिला उद्यमी तथा उद्यमी समूह छनौट गरी प्रदेश मन्त्रालयमा सिफारिस गर्नुपर्नेछः-

(क) सम्बन्धित स्थानीय तहमा उद्यम/व्यवसाय सञ्चालन गरेका महिला उद्यमी वा महिला उद्यमी समूह,

(ख) तुलनात्मक रुपमा एकल तथा लैङ्गिक हिंसा पीडित/प्रभावित महिलालाई रोजगारी दिएको उद्यमी,

(ग) उद्यम/व्यवसाय विस्तार गर्न आर्थिक तथा प्रविधिगत सहयोग आवश्यक भएका महिला उद्यमी,

(घ) वैदेशिक रोजगारबाट फर्किइ ज्ञान, सीपको परिचालन गरी उद्यम गरेका महिला,

(ङ) सिफारिस गरिएको उद्यम वा व्यवसायले प्रदान गरेको रोजगारीको संख्या खुलेको महिला उद्यमी,

(च) एकल महिला तथा लैङ्गिक हिंसा पीडित वा प्रभावित उद्यमी महिला।

८. <u>प्रदेश मन्त्रालयले छनौट गर्दा लिनुपर्ने आधारहरुः</u> (१)महिला उद्यमी तथा उद्यमी समूह छनौटका आधारहरु देहाय बमोजिम हुनेछन् -

(क) उद्यम व्यवसाय विस्तार गर्न आर्थिक तथा प्रविधिगत समस्या भएका,

(ख) स्थानीय तहबाट छनौट तथा सिफारिस भई आएका,

(ग) दफा ७ बमोजिम आधार पुरा गरेका,

(घ) तुलनात्मक रुपमा उपयुक्त व्यावसायिक योजना पेश गरेका,

(ङ) स्थानीय कच्चा पदार्थमा आधारित उद्यम सञ्चालन गरेका,

(च) मौसमी तथा बेमौसमी तरकारी तथा फलफुल खेती, होजीयारी, कुखुरा पालन, पशुपालन, अल्लो तथा ढाका बुनाई, थान्का, पौवा चित्र, मिथिला आर्ट, होटल व्यवसाय, मौरी पालन, माछा पालन, होमस्टे तथा परम्परागत सीप र प्रविधिमा आधारित महिला वा महिला समूहबाट सञ्चालित उद्योग, उद्यम,

(छ) नवप्रवर्तनकारी उद्यम व्यवसाय सञ्चालन गरेका,

(ज) स्वदेश वा विदेशमा बिक्री वितरण वा निर्यात गर्न सक्ने सम्भावना भएको उद्योग, उद्यम।

(२) स्थानीय तहबाट सिफारिस भई आएका महिला उद्यमी महिला उद्यमी समूह मध्ये प्रदेश मन्त्रालयले/ लेखाजोखा गरी एउटै स्थानीय तहमा नदोहोरिने गरी महिला उद्यमी तथा उद्यमी समूहलाई उपयुक्त प्रविधि हस्तान्तरण गर्न छनौट गर्नुपर्नेछ ।

## परिच्छेद-३

## प्रविधि सहयोग

९. उपयुक्त प्रविधि सहयोगः (१) प्रत्येक प्रदेशबाट छनौट भएका महिला उद्यमीलाई दिईने प्रविधि सहयोगको रकमको सीमा मन्त्रालयको स्वीकृत वार्षिक कार्यक्रमको परिधिभित्र रही निर्धारण गरिनेछ ।

(२) प्रविधि सहयोग प्राप्त गर्ने महिला उद्यमी तथा उद्यमी समूहको नाम प्रदेश मन्त्रालयले वेभसाइटमा सार्वजनिक गर्नुपर्नेछ।

(३) प्रदेश मन्त्रालयले छनौट भएका महिला उद्यमी तथा उद्यमी समूहलाई अनुसूची-२ र अनुसूची-३ बमोजिमको ढाँचामा सम्झौता र प्रतिवद्धता गराए पश्चात उपयुक्त प्रविधि उपलब्ध गराउनु पर्नेछ ।

(४) महिला उद्यमीले माग गरे बमोजिमको उपयुक्त प्रविधि महिला उद्यमी तथा उद्यमी समूहले स्वयं जडान गर्न चाहेमा प्रदेश मन्त्रालयको पूर्व स्वीकृति लिई उपयुक्त प्रविधि बजार मूल्यमा नबढ्ने गरी खरिद गर्न सक्नेछन्।

(५) उपदफा (३) बमोजिम उद्यमी स्वयमले खरिद गरेको सक्कलै बिल भरपाई सहित अनुसूची-४ बमोजिमको ढाँचामा प्रविधि (मेशिन तथा उपकरण) जडानको फोटो समेत संलग्न गरी प्रदेश मन्त्रालयमा शोधभर्नाको निवेदन दिनु पर्नेछ ।

(६) उपदफा (४) बमोजिम निवेदन प्राप्त भएपछि प्रदेश मन्त्रालयले सोको अनुगमन गरी शोधभर्ना दिन सक्नेछन्।

१०. कार्यक्रम सञ्चालनमा सहयोग गर्ने निकायः कार्यक्रम सञ्चालनको लागि आवश्यकताको आधारमा तीनै तहका सरकार तथा सो अन्तर्गतका निकाय, गैरसरकारी क्षेत्रको समेत सहयोग लिन सकिनेछ ।

११. अनुगमन तथा मुल्याङ्कनः (१) छनौट भएका उद्यमी महिला/उद्यमी समूहलाई वितरण हुने उपयुक्त प्रविधि सहयोग कार्यक्रमको आवश्यकता अनुसार मन्त्रालयले अनुगमन र मूल्याङ्कन गर्न सक्नेछ ।

(२) महिला उद्यमी तथा उद्यमी समूहले प्राप्त गरेको उपयुक्त प्रविधिको उपयोगका सम्बन्धमा प्रदेश मन्त्रालयले अनुगमन गरी अनुगमन प्रतिवेदन मन्त्रालयमा पठाउनु पर्नेछ ।

(३) महिला उद्यमी तथा उद्यमी समूहले सम्झौता बमोजिम प्राप्त प्रविधिको उपयोग नगरेमा वा सम्बन्धित पालिकाको अनुमति बिना पाँच वर्षभन्दा अगावै अरुलाई दिएमा वा बिक्री गरेमा उक्त प्रविधि बापतको रकम सम्बन्धित स्थानीय तह र प्रदेश सरकारको समन्वयमा सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

१२. <u>प्रतिवेदन पेश गर्नुपर्ने</u>: (१) महिला उद्यमी तथा उद्यमी समूहले उद्यमशीलता प्रवर्द्धनका लागि प्रविधि सहयोग कार्यक्रमबाट लाभान्वित उद्यमीहरुले अर्धवार्षिक रुपमा विवरण तयार गरी सम्बन्धित स्थानीय तहमा बुझाउनु पर्नेछ।

(२) महिला उद्यमी तथा उद्यमी समूहबाट प्राप्त गरेको प्रगति विवरण स्थानीय तहले प्रदेश मन्त्रालय पठाउनु पर्नेछ। प्रदेश मन्त्रालयले प्राप्त प्रगति प्रतिवेदनहरु एकिकृत गरी अर्धवार्षिक रुपमा अनुसुची-५ वमोजिमको ढाँचामा मन्त्रालयको इमेल ठेगाना pup.mowcsc@gmail.com/info@mowcsc.gov.npमा पठाउनु पर्नेछ ।

सचिव

अनुसूची-१

दफा ६ सँग सम्बन्धित

निवेदनको ढाँचा

श्रीमान् प्रमुखज्यू

................. पालिका,

प्रदेश .................

महोदय,

म/मेरो उद्यमी समूहले .............................. न.पा/गा.पा. अन्तर्गत रहेर स्थानीय श्रोत साधनको समुचित उपयोग गर्दै नाफा कमाउने उद्देश्यले उद्यम व्यवसाय सञ्चालनका लागि महिला उद्यमी तथा उद्यमी समूह प्रवर्द्धनका लागि प्रविधि सहयोग कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ को दफा ६ बमोजिमका कागजातहरु संलग्न गरी उद्यम व्यवसायको प्रभावकारी सञ्चालन र स्तरोन्नती गर्न प्रविधि सहयोग प्राप्त गरी पाउँ भनि यो निवेदन पेश गरेको छु/छौ । साथै प्रदेश मन्त्रालयमा सिफारिस गरी दिनु हुन अनुरोध गर्दछु /गर्दछौं।

निवेदक:

नाम, थर:

सम्पर्क नं.

समूहको नाम:

समूह दर्ता नं

दस्तखत:

ठेगाना:

प्रदेश........ जिल्ला........

गा.पा /न.पा.

वडा नं.

सचिव

नेपाल सरकार
सामाजिक विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

अनुसूची-२

<u>दफा ९ को उपदफा (२) सँग सम्बन्धित</u>

**प्रविधि हस्तान्तरणको सम्झौता**

लिखितम्............जिल्ला........................न.पा./गा.पा. वडा.नं........... बस्ने ................. म ................... (उद्योग दर्ता नं. .......... दर्ता मिति................) प्रदेश मन्त्रालयले राष्ट्रिय महिला सशक्तीकरण परियोजना अन्तर्गतको महिला उद्यमशीलता विकास, उपयुक्त प्रविधि सहयोग कार्यक्रमबाट निम्न विवरणको मेसिन/औजार/उपकरण प्रविधि लिएको छु/छौं। मैले/हामीले बुझेको मेसिन/औजार/उपकरण आफ्नो उद्योग व्यावसायको प्रर्वद्धन विकास र विस्तारमा प्रयोग गरी उत्पादन र उत्पादकत्व बढाउन उपयोग गर्न र मर्मत गर्नका लागि मन्जुर छु ।

<u>प्राप्त गरेको मेसिन/ औजार /उपकरणको विवरण</u>

| सि.नं. | मेसिन/औजार/उपकरणको नाम | परिमाण | उपकरण/औजार/मेसिनको क्षमता | प्रति ईकाइ दर | जम्मा मूल्य | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

सामाजिक विकास मन्त्रालयको तर्फबाट

दस्तखत:

नाम:

पद:

मिति:

महिला उद्यमी/उद्यमी समूहको तर्फबाट

दस्तखत:

नाम:

पद:

मिति:

अनुसूची-३

दफा ९ को उपदफा (२) सँग सम्बन्धित

प्रविधि सहयोग सम्बन्धी प्रतिवद्धता-पत्र

लिखितम्.........जिल्ला.............महा/उप/न.पा./गा.पा. वडा.नं.......रहेको मेरो/हाम्रो समूह ........................ (उद्योग दर्ता नं. ............दर्ता मिति.......................) ले निम्न विवरणको मेसिन/औजार/उपकरण प्रविधि लिएको छु/छौं। मैले/हामीले बुझेको मेसिन/औजार/उपकरण आफ्नो उद्योग व्यवसायको प्रवर्द्धन र विस्तारमा प्रयोग गर्नेछु/गर्नेछौ । उक्त मेसिन/औजार/उपकरण आजका मितिले पाँच वर्षसम्म कसैलाई पनि बिक्री वितरण वा हक हस्तान्तरण गर्ने वा भाडामा दिने छैनौं । सम्झौता विपरित गरेमा नियामानुसार प्राप्त अनुदान वापतको रकम फिर्ता गरी कारवाही समेत ब्यहोर्न राजी छु/छौ भनी यो प्रतिवद्धता गरीदियौं ।

प्राप्त गरेको मेसिन/औजार/उपकरणको विवरण

| सि.नं. | मेसिन/ औजार /उपकरणको नाम | परिमाण | मेसिन/ औजार /उपकरणको क्षमता | प्रति ईकाइ दर | जम्मा मूल्य | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |

महिला उद्यमी समूहको अध्यक्ष/व्यवस्थापकको तर्फबाट

दस्तखत:

नाम:

पद:

मिति:

साक्षी: स्थानीय तह तर्फबाट

दस्तखत:

नाम:

पद:

मिति:

सचिव

अनुसूची-४

दफा ९ को उपदफा (४) सँग सम्बन्धित

शोधभर्नाको निवेदनको ढाँचा

श्रीमान् सचिवज्यू
सामाजिक विकास मन्त्रालय,
.......................... प्रदेश।

विषयः शोधभर्ना पाउँ ।

महोदय,

म/मेरो उद्यमी समूह यस मन्त्रालयको प्रविधि सहयोग कार्यक्रम अन्तर्गत छनौट भई ............... मन्त्रालयको पूर्व स्वीकृति लिई उद्यम/व्यवसायसँग सम्बन्धित ............ मेशिन/उपकरण आफै खरिद गरी जडान समेत गरेको हुँदा सोको सक्कलै बिल भरपाई र मेशिन/उपकरणको फोटो सहित संलग्न गरेको छु/छौं। उक्त बिल भरपाई बमोजिमको मैले/हामी उद्यमी समूहले पाउने रू............. (अक्षरेपी) ............. मात्र भुक्तानी पाउँ भनि यो निवेदन पेश गरेको छु/छौं । महिला उद्यमी तथा उद्यमी समूलाई उद्यमशीलता प्रवर्द्धनका लागि प्रविधि सहयोग कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ तथा प्रचलित कानून बमोजिम नभएमा सहुँला/बुझाउँला ।

निवेदकः
नाम, थरः
सम्पर्क नं.
समूहको नामः
समूह दर्ता नः
उद्योगको नामः
दस्तखतः

ठेगानाः
प्रदेश........ जिल्ला........
गा.पा /न.पा.
वडा नं.

सचिव

नेपाल सरकार
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
सिंहदरबार, काठमाडौं

## अनुसूची-५

## दफा १२ को उपदफा (२) सँग सम्बन्धित

## प्रतिवेदनको ढाँचा

१. कार्यक्रमको संक्षिप्त विवरण:

२. कार्यक्रमको नाम:

३. कार्यक्रम सञ्चालनको उद्देश्य:

४. कार्यक्रम सञ्चालन भएको विधि /प्रक्रिया:

५. कार्यक्रम सञ्चालन भएको स्थान:

६. कार्यक्रमबाट लाभान्वित महिला उद्यमी तथा उद्यमी समूहको विवरण:

| क.स. | नाम थर | स्थायी ठेगाना (वडा नं./स्थानीय तह/जिल्ला) | उमेर | जातजाती | सम्पर्क नं. | प्राप्त गरेको मेशिन/औजार/उपकरणको नाम | लागत मूल्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

७. कार्यक्रम सञ्चालनमा उत्पन्न भएका समस्या/चुनौती/समाधानका उपाय:

| क.स. | समस्या | चुनौती | समाधानका उपायहरु |
|---|---|---|---|
| | | | |
| | | | |

८. सिकाई/सुझावहरु:

- ..............................
- ................................

९. निष्कर्ष:

- ......................................
- .............................

सचिव